स्थानीय संवाद
GRASSROOTS DIALOGUE
Year 8 Issue 2 Fagun 18- Baisakh 17, 2077 March-April 2020

# राष्ट्रियता र लोकतन्त्र बहस

**कृष्ण हाछेथु**



यो एकजना आन्तरिक समस्यामा परेका प्रधानमन्त्रीले उग्र राष्ट्रियताको भावनामा समाजलाई अगाडि वढाउन खाजे । उनलाइ यसले केहि राहत मिल्ला, तर यो अहिलेको समाजमा विष सरहको भन्दै गर्दापनि यदि नेपाली कांग्रेसले बुझ्दैन भने के गर्ने ?नक्साकै कुरा गर्ने हो भने पनि मेरा धेरै प्रश्न छन्, यो नक्सामा। यो नक्सा सँग जोडिएका इतिहासहरु बटुल्दै गयो इतिहासले हामीलाई अहिलेको नक्सा बनाउनकतिको सहजगर्छ ? दोश्रा, यस्तो नक्साले ईन्डिया सँग यस विषयमा संवाद हिनता भएपछी यसले लामो समय सम्म नेपाललाई कस्तो असर गर्छ ?मै ले यसलाई एउटै पहलुमा भन्दा नक्सा भनेको ओलीजीले आफ्नो सर्भाइभलकालागि एन्टीवायोटिक खाएको हो । तर त्यसको साइड इफेक्टहरु धेरै छन्, जसलाई समाजले व्यहोर्न पर्ने हुन्छ, के नेपाली समाज साँच्ची कै ओलाजिको खाएको एन्टीवायोटिकको असर व्यहोर्न तयार छ? अनि साँच्ची कै हामी त्यो बेहोर्न सक्छौ ? यस्तो भइरहेकोछ कि भोली जो कोइ प्रधानमन्त्री भएर आउँदा खेरी पनि अब यो वाहेको नक्सा हुँदैन भनेर भन्न नसकुन । देश अब यो नक्साको बन्दक भएन ? समाज र देश नै कुनै व्यक्तिको सर्भाइवल स्टार्टीजीको बन्धक भए तेस्ले के काम गर्ने?
नागरिकता र अयोध्या विवादले नेपाल केहि राष्ट (nationality) भएको देश भनेर देखीइ सकेकोछ । हामी मानौं या नमानौं, यो देशलाई यदी राम्ररी वुझ्न खोज्ने हो भने कुनै दलले के भुमिका खेल्यो, त्योहैन कि आम मानिसको सोचमा आकास जमिनको फरक छ । यो नक्सालाई पहाडमा सहर्ष स्विकार गरेर उमंग मनाउदै गर्दा मधेसमा कही पनि त्यस्तो देखिएन । आयोध्याको बारेमा पनि मधेसका सामाजीक सञ्जाल हेर्दा पहाडे राष्टवादले फेरी अर्को यस्तो हत्कण्डा ल्यायो भन्ने वाहेक खासै प्रतिकृया देखिन्न । अब यो पृष्टभुमिमा यदी नेपाली कांग्रेस पार्टी जिम्मेबार पार्टी हो भने उल्ले पुनर्विचार गर्न किन नपाउने ? गिरिजींले नेपाली कांग्रेसको केन्द्रिय समितीको छलफलको एउटा सन्दर्भ दिनु भयो, तेस्ले काँग्रेस पनि खड्ग ओलिको साथलागेर जाने बैचारिक धारमा जान लागेको भन्ने भयो । यसो हो भने नितिगत रुपमा, कार्यक्रमको रुपमा नेपाली कांग्रेसको अस्तित्वनै देखिन्न । त्यो भने नेपाली कांग्रेसले आफु भित्र बैचारिक संघर्ष र नितीगत संघर्ष गर्न पर्छ कि पर्दैन ?अहिलेको नेपालको अवस्था हेर्दा भारतमा सन् १९६७ अघिको जस्तो एकल दलको शासन जसलाई इथियोपीयामा पनि लागु गर्ने प्रयास भयो जस्तो देखिन्छ, यहाँ देखाउनकालागि विपक्षी दल छ, तर उ पनि सत्तापक्षमा नै छ । नेपालको यस्तो अवस्थालाई निरन्तरता दिनु भनेको प्रचन्डले मुखले मात्र वालेर गर्न नसकेकोंसत्ता कब्जा जसलाई ओलीजीले मुर्तरुप दिइरहनु भएको छ लाई साथ दिनु हो । खड्ग ओलिका कदमले देखाइदियो सत्ता कब्जा भनेको के हो भनेर । यो सबै घटनाका बारेमा यदी नेपाली कांग्रेसले अध्ययन गरिराखेको छ भने ओलीका यि कदमका वाबजुत सत्तारोढदलको जनमत एक्कासी घटेको वर्तमानमा नेपाली कांग्रेसले अब समयभन्दा अगाडि नै निर्वाचनको निमित्त कराउने बेला भएको छ ।



## उद्धब प्याकुरेल



२०४५ तिर हामी सानो छँदा रेडियो सुन्दा ब्वाँसोको छाला काडेका अरास्ट्रीय तत्वले गरेको आन्दालेनभनेरतत्कालीन आन्दोलनकारीहरुलाई गाली गरेको सुनिन्थ्यो ।

त्यो भनाई मुख्यतः काँग्रेस केन्द्रित रहेछ भनेर पछि आएर बुझियो । यसरी सत्ताले अराष्ट्रिय भनेर आक्षेप लगाइरहँदा र कम्युनिष्टहरुले पनि काँग्रेसलाई बदनाम गराउन हर प्रयास गरेको सन्दर्भमा पनि काँग्रेसले २०१५, २०४८, २०५४ लगायतका निर्वाचनमा बहुमत पाएको अवस्था हो । हिजो पनि कम्युनिष्टहरु पञ्चायती सत्तासँगै हँ मा हँ मिलाएर काँग्रेसलाई अराष्ट्रिय, विदेशीको दलाल भनेर आरोप लगाउन रहेका हुन्थे । यसलाई विर्सेर हो या किन आज काँग्रेस नेपाली जनतासंग प्रत्यक्षरुपमा जोडिएका सवाललाई उठाउन पनि अराष्ट्रिय भइन्छ कि भनेर हेर्ने र गम्भिर विषयहरुमा आफु निर्णायक हुन भन्दा अरुको निर्णयलाई साथ दिएर जान खोज्दैछ । प्रदिप दाईले उठाएको विषय सुन्दा नेपालका मधेसी र महिलाको इस्युलाई दलमा छलफल गरि सुझवुझका साथ समाधान गर्नको वदला ति सवाललाई समालोचनात्मक दृष्टिले हेर्न खोज्ने, समर्थन गर्नेहरु सिधै अराष्ट्रिय कित्ताका हुने प्रकारको भाष्य निर्माणमा काँग्रेस पनि अरु समुहको साथी बन्न किन आतुर रहेछ भन्न सकिन्छ । राष्ट्रवादी कि देशभक्त भन्ने वशसमा समेत खारिइसकेको र देश, जनता र छिमेकीका सम्वन्धमा आफ्ना अडान कायम राखेर जनमत सहित अगाडि वढेको इतिहास भएको दल आज किन यो अवस्थामा पुगेको हो भन्नेमा अब छलफल गर्ने वेला आएको छ । मलाई लाग्छ देश, जनता र छिमेकीका सम्वन्धमा विचलन विनाको अडान राख्न विगत भन्दा काँग्रेसका लागि अहिलेको अवस्था सहज र फरक छ । किनभने हिजो कांग्रेसलाई अराष्ट्रिय भन्दै गर्दा विपक्षमा रहेकाहरु, खासगरि आफुलाई प्रगतिशिल कम्युनिष्ट भन्नेहरुको साथ विरलै हुन्थ्यो । तर आज धेरैले नेपालको सन्दर्भमा राष्टबाद के हो, राष्टवादी भनिनेहरुले अन्ततः व्यवहारमा के गरे र गर्छन् भन्ने भोगेका र देखेका मानिसहरु धेरै भइसके । यो अवस्थामा यदि कांग्रेसले काठमाण्डौं या पहाडे राष्ट्रवाद विपरित खासगरि दलीत, पिछडिएका जनजाती, मधेसी तथा महिलाको पक्षमा काम गरेमा या त्यसतर्फ काम गर्न मोर्चावन्दीको प्रयास गरेमा धेरै प्रगतिशिलहरुले काँग्रेसको साथ दिने अवस्था छ । यसलाई काँग्रेस लगायतका शक्तिले वुझेर आत्मसाथ गर्न आवश्यक छ । हामीले चलाउने वृहत छलफल पनि नेपालमा लोकतन्त्रको विकासमा कामयावि हुने विविध विषयमा अलिक सुक्ष्म छलफल होस् भन्ने प्रयास हो ।

## प्राध्यापक धन प्रसाद पण्डित



नेपाली कांग्रेसको भारतमा नजीकको सहयात्री दल कुन हो त ? ने.क.पा को छैन हो, नेपाली कांग्रेसको को हो मलाई भन्नुस त ? नेपालको राजनीति किन खस्कियो भन्दा, नेपाली कांग्रेसको अधार लोकतन्त्र हो । तर भारतमा आज एकछत्र हिन्दुबादी देखिए, नेपालमा पनि विजेपीले हिन्दुबादी स्ट्याण्ड लिइदियो । धर्मका सन्दर्भमा काग्रेसको गोलमटोल विचारले नेपाली काँग्रेस कमजोर छ, न यता छ न उता छ । आफ्नो मौलीक स्ट्याण्ड स्प्रष्ट पार्न र छिमेकका दलहरुसंग पनि त्यस वारेमा वहस र छलफल आवश्यक छ । काँग्रेसले आफ्नो धरातल बुझ्न आवश्यक छ र प्रदिप गिरी जस्ता देश र भारत बुझेकाले काग्रेसका नेतृत्व गणलाई यसवारेमा बुझाउन पनि आवश्यक छ । नेपाली कांग्रेस र मधेसवादी दलहरुले फल्स सेकुलारिजमको विरोध गर्न सकेनन् । के भारतसंग जोरी खोजेर नेपालले जित्छ ? हामीले सके दील्ली पनि जित्ने हो । तर नक्सा बनाएर मात्र अर्काले ६२ बर्ष देखी चलाएको जमिन हाम्रो हुदैनथ्यो । यसमा मधेस र काँग्रेसले अडान लिएको भए दुइ तिहाई पुर्‍याएर नक्सा बनाउन कम्युनिष्टहरु सफल हुने थिएन । मेरो नाराजगी काँग्रेस र मधेसवादीसंग छ । नेता प्रदिप गिरिसंग पनि छ । कम्युनिष्ट पार्टीको सिद्धान्त र उहाँहरुको व्यवहार हेरे हुन्छ, के यो अवस्थाको परिकल्पना गरेको हो ? त्यसकारण यहाँ सबै ठेकदारी प्रथामा चलेको छ । अगाडि भएका कुराहरु इतिहास हुन्, अहिलेको लुट र अस्तव्यस्तताको जिम्बेवारी कसले लिने ?

## गेजा शर्मा



काँग्रेसको केन्द्रीय समितीका बैठकहरुलाई आधार वनाएर साङ्केतिक रुपमा गर्न खोजीएको यो छलफलमा मलाई सोध्न मन लागेका प्रश्न भनेको के कांग्रेस बैचारिक रुप मै बिस्तारै उदार लोकतान्त्रिक धारको दलबाट एक अनुदार र पुरातन दक्षीणपन्थी धारमा जान थालेको हो ?

मैले सोधेको प्रश्नमा, मलाई चै के लाग्छ भने कांग्रेस लिब्रल डेमोक्रेटिक धारबाट बिचलित हुन थल्या हो । कांग्रेस अलिकति रुढिवादी हुँदै गएको देखिएको छ । यदि कांग्रेस उदार लोकतान्त्रिक धारबाट बिचलित भयो भने उसको औचित्य रहदैन । कांग्रेस लिब्रल डेमोक्रेटिक धारमै रहनु पर्छ । तर अहिलेको राष्ट्रिय र अन्तराष्ट्रिय राजनीति हेर्दामा काग्रेसको चाल हेर्दा उ अलिकति

दक्षिणपन्थी, अलिकति रुढिवादी, अलिकति प्रोपागिस्ट हुन खोजेको चै देखिन्छ । सुरुमा केन्द्रिय समितीको जुन दृश्य बताइयो, त्यसले पनि कांग्रेस अलिकति प्रोपागिस्ट, अलिकति संकिर्ण सोच भएको चै देखिन्छ, यदि त्यो धारमा गयो भने कांग्रेस अझ कमजोर हुन्छ र कांग्रेस पार्टीको सैद्धान्तिक औचित्य चै समाप्त हुनसक्छ, यसबाट बिचलित हुनु हुँदैन भन्ने चै मेरो भनाइ हो । यस्तो बेला सचेत नागरिकले अलिक यो सैदान्तिक पक्षको बहसलाई अगाडी बढाउन पर्ने हो जस्तो देखिन्छ ।

विश्वव्यापी रुपमा हेर्दा पनि लिब्रल डेमोक्रटिक रक्षात्मक छ, र नेपालमा पनि । के.पि. ओली जसरी राष्ट्रवादी नाममा सत्तामा आयो, चिन र भारत जस्तो ठुला देशका विचमा सानो देशको मानसिकतामा रहेका नेपाली राष्ट्रवादी हुनु आफैमा अस्वभाविक होइन, हामी त्यसलाई पुर्ण रुपमा बहिष्कार पनि गर्न सकिदैन ।

लिब्रल डेमोक्रेटिक भ्यालुज मध्ये पनि यसका आर्थिक आयामहरु र यसले लिएको आर्थिक नीतिका बारेमा बहस गर्न सकिन्छ, प्रश्नहरु उठेका छन् । तर स्वतन्त्रता लगायतका यसका अरु अवयबहरु आजपनि महत्वपुर्ण छन् । जनपक्षीय छन् । यसलाई हामीले मनन गरेर अगाडि जान आवश्यक देख्छु ।

## युग पाठक



के महसुश हुन्छ भने परम्परागत लिबरल डेमोक्रेसीको मान्यताले बैकल्पिक अवधारणाहरु, लेखहरु केहि एउटा बाहिर गरे हुन्छ नि खोजेको छ । यसको अलिकति मन्थन गर्न पर्‍यो । उदार लोकतन्त्रका नाममा जे जेलाई आधार मानेर आइएको थियो, नेपालको मात्र होईन यो सन्सार भरी नै त्यसको अपिल सकियो । समस्या के हो भने कम्युनिष्ट पार्टीले राम्रो काम गर्छ, गरीबका लागि काम गर्छ भन्ने कथन सहित हामीमध्ये धेरै नेपाली हुर्किएको हो । कांग्रेस भनेको मध्यम बर्गको पार्टी हो, कम्युनिष्ट भनेको गरिबको पार्टी हो भन्थे, त्यो कथन सुनेर हुर्किएको हामी । कांग्रेस लोकतान्त्रिक अधिकारको कुरा बढी गर्छ, अलि उदार हुन्छन्, कांग्रेस सजिला हुन्छन्, कम्युनिष्ट भनेका अलि अफ्टेरा हुन्छन भन्ने सुनेर आइयो ।

अहिले कम्युनिष्ट पार्टीको कोही मान्छेले भोलि भविष्यमा गएर मानौ कसैले हामी नयाँ प्रकारको बनाउछम भनिकन सारा अरु ब्याख्या थपिकन । राज व्यवस्थाको सप ब्याख्या थपिकन पनि म कम्युनिष्ट पार्टी बनाउन आएको हो, मेरो पार्टीले यसो गर्छ भनेर भन्नु भयो भने अब मान्छेले पत्याउन्नन् । त्यसको कथन सकियो के अब । यो यूरोप, अमेरिकामा कम्युनिष्ट त्यसको सिद्धान्त र त्यसको अभ्यासको खासगरिकन, सिद्धान्तको त उनीहरु अहिले पनि आकर्षित भैरहेका छन्, मार्क्सको सिद्धान्तमा, तर अभ्यासको मामलामा चै उनीहरु लगभग लगभाग १९६० तिरै उनीहरु गडबड हुन थलिसक्या छ त्यता तिर । अपिल गुमी ओरि त्यसले नकारात्मक स्थान पाइसक्यो । अमेरिकामा त पछिल्लो समय त समाजवाद भनेर गाली गर्‍या जस्तो शब्दको रुपमा प्रयोग हुने । अनी यता आएर पछिल्लो समयमा, धमा-धम राजनीतिक वैज्ञानिकहरुले अमेरिकाका, यूरोपका राजनीतिक वैज्ञानिकहरुले लोकतन्त्रको अन्त्य वाला थेसिसमा छलफल गरिराख्या छन के अहिले । अनि म छक्क परे, यीनहरु किन यो बिषयमा आइपुगे त अब, लोकतन्त्रलाई त एकदम निरपेक्ष, स्वतन्त्र, राम्रो भनेर ठानिएको हो नि त हैन? एकमात्र लिब्रल सिस्टम जोल्ले सबै को अधिकारको कुरा गर्छ, तर त्यो चिज तपाईले आज भन्नु भयो भने अब मान्छेले पत्याउन्न । मान्छेलाई थाह भैसक्यो मान्छेलाई लोकतन्त्रको नाममा मुठ्ठिभर मान्छेले हातमा पावर लिएर, पैसा पनि उनीहरुले नै लिएको हो, बाँकी मान्छेको लागि लोकतन्त्र एउटा मिथ्या मात्रै हो त्यो थाहा भैसक्यो मान्छेलाई, त्यही भएर यो बिचबाट पपुलिस्ट आएको हुन । पपुलिस्टहरुले चै के भन्दो रैछ मुख्यत भने जटिल प्रश्नको सरल उत्तर दिन पर्छ भन्छ, अनि पपुलिस्टलाई केही गर्नु पर्दैन, कुनै मुद्दा छ त्यसमा आगो बाल्दिए भैगो, केही नि गर्न पर्दैन, बाँकी कुरा उल्ले प्राप्त गरेको पावरबाट निश्चित टाईम, त्यसले उपभोग गर्छ तर त्यो पनि उल्ले थेग्न सक्दैन, अहिले के. पि. ओलीले थेग्न सकेन, ईन्डियामा मोदीलाई पनि थेग्न गार्हो भाको छ, अमेरिकामा ट्रम्पलाई थेग्न गार्हो भाको छ । कोरोना भए पनि नभए पनि गार्है हुन्थियो उनिहरुलाई थेग्न, किन भने उनिहरु सँग केहि पनि सोच छैन र जुन लिब्रललोकतन्त्रको नाममा जुन एकदमै संकिर्ण सोचको पुर्जीँवाद चलाईएको छ संसारभरी र त्यसको हाम्रो जस्तो देशमा ठुलो त्यो इम्पेरियल प्रोजेक्ट सक्किएकै छैन के। १९४७ मा ईन्डिया स्वतन्त्र भएपछी चै यो क्षेत्रमा सकियो भनेको सक्किएको थिएन । त्यो अन्य कुनै माध्यमबाट निरन्तर चलिरहेको थियो । त्यही चिजलाई या बैदेशिक सहायताको शासन मार्फत अगाडि बढाइएको हो । अहिले त्यो सत्ताको कब्जा हुन बाहिरको छ र, कोही पनि त छैन । कोही एम.सी.सी.को सानो एउटा मुद्दामा, कोही बिरोधमा जस्तो देखिएलान्, कोही समर्थनमा जस्तो देखिएलन । फेरी अर्को सिसिमा त एकै ठाउँमा छन नि, हैन ! त्यो उनीहरुले बैदेशिक सहायताको त्यो जुन सत्ता छ नि, त्यो सत्ताले त समान्यतय त्यसको व्युरोक्रेसीले नै हाम्रो देश चलाईदिदो रैछ, त्यसको व्युरोक्रेसी भन्दा माथि पुग्ने पर्दैन । अलिक दिन अगाडि सम्म या चाइनाको अहिलेलाई दब्दबा बड्नु भन्दा अगाडि सम्म, यो लैनचौरको एउटा अफिसरले चलाउथियो नि यहाँको राजनीतिज्ञहरुलाई । उल्ले त्यो पावरको क्षमता राखेन, अर्कोले उपभोग गर्छ नि त्यसलाई । त्यो स्थितिमा भएको हुनाले गर्दा मलाई के लाग्दैन भने यति बेला कांग्रेस र कम्युनिष्ट पार्टी भन्या दुईटा जिनस फरक हो बैचारिक हिसाबले भन्ने मलाई लग्छ । बैचारिक हिसाबले एकै ठाउँमा हो ।

नेपालको राज्य सत्तालाई हेर्दा तीनवटा पात्र देखिन्छन् । एउटा बर्णब्यवस्थामा आधारित बिचारधारा हो भने अर्को यहि जातियतालाई चलाउने सह व्यवस्था हो । राष्ट्रबाद त्यस्तै जातिय ब्यवस्थामा आधारित छ । तेश्रोमा बैदेशिक सहयोगको नाममा साम्राज्यवादको सत्ता पर्छ । यी तीन चिजले हाम्रो राज्यसत्ता को चरित्र बनाइरहेको छ । यो तीनटा चिजसँग लड्ने कसैसंग कुनै उपाय छ त ? वर्णब्यवस्थालाई जोगाइराख्न कांग्रेस, कम्युनिष्ट, राप्रपा लगायत सबै एक छन् । जाति ब्यवस्था चलाउने मामलामा आ-आफ्नो जातिको कुरा गर्ने समग्रमा कुरा नगर्ने, अरुको भाषा मासिए मासियोस वास्ता नगर्ने, दलित, जनजाती आदीको सँगठन बनाइदिने अथवा आफ्नो संगठनभित्र उनीहरुलाई कोटा दिएर समायोजित गरेर राखिदिने कामहरु भइरहँदा पनि यि सबै कदमको एउटै बिचारधारा चै नेपालमा चलिआएको पुरानो सत्ता जोगाउने बिचारधारा हो । यो तीनवटा बिचारधारा यो र त्यो नाममा बोकेका हिसाबले कांग्रेस पार्टी, कम्युनिष्ट पार्टी र राप्रपा पार्टीमा केही फरक देखिन्न ।

माथि उठाएका तिन विचारधारमा कसैले पनि फरक अभिव्यक्ति पाइन्न । यो भनाइमा सहमत भइरहँदा अबको चुनाबवाट पनि के हुन्छ त भनेर हेर्ने हो भने सिधा कुरा छ चुनाव कांग्रेसले जित्छ । फेरी अर्को पटक नेकपाले जित्ला या राप्रपाले । अहिलेको कोरोनाको माहामारीको क्रममा मान्छेलाई क्वारेन्टाइनमा गरिएको दुर्व्यवहार, अनि देशमा आफ्नो भाषा, पहिचान सबैथोक गुमाएर यो देश चलाईदिने मान्छेहरु माथि गरिएको दुर्व्यवहारले मात्र पनि नेकपा चुनाब हार्छ । यस विचमा नेकपा बिरोधि प्रशस्त काम भएका छन् । त्यसकारण कांग्रेस चुप लगेर बस्यो भने पनि चुनाब जित्छ, चुनाब जित्नलाई केहि गर्नै पर्दैन । तर प्रश्न, उसले चुनाब जित्यो भने के फरक पर्छ भनेर घोत्लीयौं भने केहि नि फरक पर्दैन देखिन्न । नेकपाले गर्ने र कांग्रेसले गर्ने काम एउटै हो । यिनै पात्रहरुविच सत्ता घुमिरहने तर खासमा माथि भनिएकै तीनवटा व्यवस्थाले निरन्तरता पाउने देखिन्छ ।

यहाँको अर्थतन्त्र, हाम्रो राज्यसत्ता नै दलाल दलाल प्रकृती नै हो । त्यो राज्यसत्ताले के गर्दो रहेछ भने, आयात गरेका सामानको एक ठाँउमा भन्सार लियो, अनि पसलेसँग भ्याटको नाममा कर उठायो, अनि त्यसपछि अन्तशुल्कको नाममा । यि तीनवटै स्थानमा तिरेको रकम समानमा जोडेर उपभोक्तावाट उठाउँछ । बजारमा आएको रेमिट् यान्सको खर्बौ रुपैयाले बजार चलाउने, त्यो पैसा बैंकवालाले जाल खेल्ने, त्यहि पैसामा व्यापारीहरुले जाल खेल्ने, त्यहि पैसामा तीन चोटी कर लगाएर सरकारको ढुकुटी बढाउने काम यहाँ भइरहेका छन् । त्यसले पनि नपुगेर बिदेशिको सहायता र ऋण भन्छ र त्यस्ता रकम अहिले चोभारमा बन्दै गरेको जस्तो तातो न छारोको बन्दरगाह जस्तो परियोजनाका नाममा खर्चने हो अहिलेको राज्यसत्ताको खेल । यो खेललाई बुझ्ने र मुलुकलाई बाहिर निकाल्नु पर्छ भन्ने वहस सम्ममात्रै कुनै एउटा राजनितिक पार्टीले सुरु गरेको थाहापाइन्न ।

अब रह्यो, नक्साको बिषय । राजनितिक पूँजी बढाउने मामलामा नेताहरुलाई यो विषय काम लाग्ने चिज होला । मेरो लागि यो बकवास कुरा हो । किनभने सम्झौता गर्ने सामर्थ्यको हिसाबले यहाँ केहि हुन्न । नेपालको आफ्नु सम्झौता गर्ने सामर्थ्य नै छैन । जुन ब्यापार घाटा भारत सँग छ, मुद्रा सहितमा जुन निर्भरता हाम्रो छ, यस अवस्थामा नेपाली दल या नेपालको आर्मीको के भरोसा? भारतको आर्मीको इसारामा नेपालको आर्मीले काम गर्ने हो । यहाँको आर्मी भनेको हड्डी नभएको गड्यौला जस्तो हो । त्यस्तो आर्मी जो सबका सब बिदेशीहरुको पैसाले चल्ने, त्यहि पैसामा बल्छी खेलेर बसेको छ । उही पैसामा बल्छी खेलेर आर्मीका जर्नेलहरु धनी भएका छन । हाम्रो नेपालका सब भन्दा धनी अहिले आर्मीका जर्नेलहरु छन् । जग्गाको करोबारमा सबै भन्दा धेरै लगानी गर्नेहरु तिनीहरु नै हुन् । अब यस्तो देशले ईन्डियासँग टक्कर लिएको भुभागमा ५० बर्ष देखी भोगचलन भारत कै छ ।

भारतले अहिले आएर कब्जा गरेको भए त ल बोल्नै पर्थ्यो । तर अहिले त्यो मुद्दा चुपचाप कुटनीतिक पाराले अगाडी बढाइ राखेर आफ्नो काम गर्न पर्ने बेला हो । तर आफ्नो काम नगर्नेहरुले सत्ता निरन्तरताका लागि पाएको मुद्दा हो यो । नागरिकता बिधयेकको कुरा भन्नुस या संघीय व्यवस्थामा सिडियो लाई बलियो बनाउने कानुन बनाएको तथ्य । यो प्रदेशहरुलाई पंगु बनाउन सत्ताले गरेको कसरत हो । राष्ट्रिय अनुसन्धान विभाग, राजस्व अनुसन्धान बिभाग यी सवै लाई आफ्नो वरी-परी राखेर के.पि. ओलिको आफ्नै मन्त्रीहरुको समेत फोन ट्याप गरेका भनेर मन्त्रीहरु समेत डराउछन बोल्न, फोनबाट बोल्दैनन् उनीहरु । ब्वाटस्यापबाट कुरा गरौं न भन्छन । त्यस्तो अवस्था रिग्रेसनया प्रतिगमन हो । र अवस्थाको शुरुवात यो संबिधान बनाउनु अगाडी नै भएको हो । यो रिग्रेसनमा कांग्रेस, के. पि. ओलीको भुमिका बाराबर नै किन मान्न पर्छ भने धेरै कोङग्रेस नेताहरुलाई त्यतिबेला खुलेरै भन्थे कि हामी सँग ओलि जस्तो नेता भएन भनेर । कति जनाले त खुलेरै बोलेको पनि सुनियो । सारमा भन्दा ओली नेपालको राष्ट्रबादको लाईन, खास गरिकन नेपालको परम्परागत खालको ब्रह्मण/क्षेत्री सत्तालाई जोगाउनको नेतृत्वको रुपमा अगाडी सारिएको पात्र थिए । राजनैतिक हिसाबमा समाप्त भइसकेको के.पि. ओलिलाई चुनाव जिताएर त्यस प्रयोजनका लागि ल्याइएको हो, त्यसै आएका होईनन् । नागरिकताको सवाल या सिमाना, यो समाज पछाडि फर्काउन खोजिएको कदम उल्टाउने चाल हो । यो उल्टाउने चालमा सबैले बराबर नै योगदान गरेको हो, पछिल्लो समय माओबादी पनि त्यही ठाउँमा पुगेको हो, माओबादिको केन्द्रीय कमिटीको अधिकांस मान्छेहरु, त्यो जातको कुरा गरेर गड्बडी गरियो भन्ने ठाउँमा नपुगेको हुन्थ्यो भने, आज फरक अवस्था हुन्थ्यो । माओबादी एक्लै टिकेको भए पनि परिस्थिति यति प्रतिकुल हुन्थेन । तर माओबादी पनि टिक्ने ठाउँमा थिएन, उ पनि अरु कै अवस्थामा पुगिसकेको थियो । किन भने माओबादी भित्रको पनि प्रमुख निर्णायक तहमा भएका मान्छेहरुले अधिकाशंले जेबाट सत्ता आर्जन गरे, त्यहि चिजलाई यो त गड्बड पो भएछ कि भनेर पुनरावलोकन गर्ने अवस्थामा थिए । त्यहि भएर यो प्रतिगमन सिल्सिलामा भएको भइरहेको छ।

## विजयकान्त कर्ण



हामीले केहि दिनदेखीको वसाई पश्चातको यो प्रयास भनेको नेपाली समाजमा छलफल भइरहेका विभिन्न विषयमा बैकल्पीक भाष्यको लागि केहि गर्न सकिन्छ कि भनेर हो । दलीत, महिला, मधेषी लगायत का विषयमा वोलीरहेका हामीहरु अब कता कता महेन्द्रमाला को युगमा गइरहेको हो कि भन्ने मा चिन्ता छ । राष्ट २०४७ साल भन्दा पनि पछाडी गइरहेको त होइन, बोल्ने लेख्ने अधिकारको कटौती त भइरहेको छै न भन्ने प्रश्नहरु कसरी उठेका छन् भने आज हामी वोल्ने लेख्नेलाई सोधीन्छ, यसरी वोल्न लेख्न डर लाग्दैन ? भनेर । यसरी डरको वातावरण वनाएर विकल्पको सोच नै बन्द नहोस्, यसरी बसेर छलफल गरिरहन, बैकल्पीक चिन्तनको वातावरण वनाइरहने यो प्रयास हो ।


Advisors : Prof Lok Raj Baral, Vijay Pratap, Uddhab Pyakurel
Editors : Prof. Deo Kumari Gurung, Ram Saran Sapkota
Design & Layout : Samaj Bigyan Adhyan tatha Paramarsha Kendra Pvt. Ltd., KTM

For subscription, comments and suggestions
sadednepal@gmail.com